# सास नेपालको आठौं साधारण सभा (२१ चैत्र २०८०)
## कार्यकारी-समिति निर्वाचन प्रक्रिया

### १. निर्वाचन समिति
सास-नेपाल को आठौं साधारण सभा मूल आयोजक समितिले निम्न बमोजिमको तीन सदस्यीय निर्वाचन समिति गठन गरेको छ ।

डा. आनन्द कुमार गौतम — संयोजक
डा. विवेक सापकोटा — सदस्य
श्री प्रदिप कार्की — सदस्य

#### १.१. निर्वाचन समितिको काम, कर्तब्य र अधिकार
निर्वाचन समितिको मुख्य काम निस्पक्ष ढंगले सास-नेपालको नयाँ कार्यसमिति चयन गरि पद तथा गोपनियताको सपथ गराउनु हो । मतदाता नामावलीमा समावेस भएका मतदाताहरुको सकेसम्म बढी सभागिता हुने गरि उपयुक्त निर्वाचन विधि तय गर्ने तथा निर्वाचनका सम्बन्धमा केहि बिवाद र समस्या आईपरे त्यसको समाधानको उपाय निर्क्योल गर्ने अधिकार निर्वाचन समितिमा निहित रहनेछ । सम्पूर्ण निर्वाचन प्रक्रिया र क्रियाकलापहरु सास-नेपालको आधिकारिक वेब-साईट https://www.sasnepal.org.np मार्फत गरिनेछ । निर्वाचन सम्बन्धि सम्पूर्ण पत्राचार तथा टोकन सास-नेपालको election@sasnepal.org.np मार्फत गरिनेछ ।

### २. साधारण सभाको दिन भन्दा पहिले

#### ३.१. मतदाता नामावली प्रकाशन
चैत्र १४ गते बेलुकी ५ बजेसम्म मूल आयोजक समितिले मतदाता नामावलीको ई. कपि निर्वाचन समितिलाई प्रदान गर्नेछ । उक्त नामावली चैत्र १४ गते बेलुकी ६ बजेनै प्रकाशन गरिने छ । यसको सम्बन्धमा कसैको केहि दावी बिरोध भए मूल आयोजक समितिमार्फत संसोधनको लागि अनुरोध गर्नु पर्नेछ । मूल आयोजक समितिले मतदाताको अन्तिम नामावलीको ई. कपि चैत्र १६ गते बेलुकी ५ बजेसम्म निर्वाचन समितिलाई प्रदान गर्नुपर्नेछ । अन्तिम नामावलीमा कम्तिमा मतदाताको नाम, इमेल ठेगाना र सदस्यता नं समावेश हुनु पर्नेछ । यसरि प्राप्त भएको मतदाताको अन्तिम नामावली चैत्र १६ गते बेलुकी ६ बजे प्रकाशन गरिनेछ । यस अन्तिम नामावलीमा समावेस भएका सदस्यहरु मात्र मतदानका लागि योग्य हुनेछन ।

#### ३.२. उम्मेदवारी दर्ता तथा फिर्ता
उम्मेदवारी दर्ता गर्ने अनलाईन प्रणाली चैत्र १७ गते बिहान १० बजेदेखि १९ गते बिहान १० बजेसम्म खुला गरिनेछ । मनोनयन दर्ताको लागि निम्न बमोजिमको फर्म अनलाईन प्रणालीमा

प्रविष्ट गर्नु पर्नेछ । उम्मेदवारका प्रस्तावक र २ जना समर्थकहरुलाई उम्मेदवारले फर्ममा उल्लेख गरेको इमेलमार्फत प्रमाणित गर्ने लिंक प्रदान गरिनेछ । यसको फलो-अप गरि प्रमाणित कार्य सम्पन्न गर्न लगाउने जिम्मेवारी उम्मेदवार स्वयंको हुनेछ । प्रस्तावक र समर्थकले प्रमाणित नगरेका उम्मेदवारहरुलाई अगाडिको निर्वाचन प्रक्रियामा समावेस गरिनेछैन । एकै जना व्यक्ति एक पदका लागी एक भन्दा बढी उमेदवारको प्रस्तावक हुन पाउने छैन । त्यसैगरि, एकै जना व्यक्ति एक पदका लागी एक भन्दा बढी उमेद्वारको समर्थक हुन पाउने छैन ।

चैत्र १९ गते दिउसो १ बजे उम्मेदवारको प्रारम्भिक नामावली प्रकाशन गरिनेछ । उम्मेदवारहरुलाई उम्मेदवारी दर्ता गरेपछि दर्ता नं., इमेलको आधीकारिकता भेरीफिकेसन र उम्मेदवारी फिर्ता लिने अनलाईन लिंक प्रदान गरिनेछ । उमेद्वारी दर्ता प्रणाली बन्द भएको २४ घण्टा पछिसम्म उम्मेदवारि फिर्ता लिने लिंक सक्रिय रहनेछ । उम्मेदवारको प्रारम्भिक नामावली प्रकाशन भएपछि चैत्र २० गते बिहान १० सम्म उम्मेदवारीउपर election@sasnepal.org.np मार्फत दावी-बिरोध पेश गर्न सकिने छ । उम्मेदवारी फिर्ता पश्चात कायम उम्मेदवारको सुची र प्राप्त दावी-विरोधका सम्बन्धमा तथ्य विवरणको आधारमा निर्वाचन समितिले आवश्यक निर्णय गरी चैत्र २० गते दिउसो १:३० बजे उमेदवारको अन्तिम नामावली प्रकाशन गरिनेछ ।

| मनोनयन दर्ता गर्न लागेको पद | | | | | |
|---|---|---|---|---|---|
| नाम | | सास-नेपाल सदस्यता नं. | इमेल | फोन नं. | मनोनयनको अवस्था |
| उम्मेदबार | | | | | दर्ता/ फिर्ता |
| प्रस्तावक | | | | | अप्रमाणित/प्रमाणित |
| समर्थक १ | | | | | अप्रमाणित/प्रमाणित |
| समर्थक २ | | | | | अप्रमाणित/प्रमाणित |

### ४.१. मतदान

अन्तिम नामावलीमा समाविष्ट सदस्यहरुको इमेलमार्फत मतदानका लागि एक पटक मात्र प्रयोग गर्न सकिने टोकन प्रदान गरिने छ । उक्त टोकन प्रयोग गरि सास-नेपालको वेब-साईटमा उपलब्ध अनलाईन प्रणालीमार्फत मतदान गर्न सकिनेछ । मतदानका लागि चैत्र २० दिउसो २ बजे देखि चैत्र २१ दिउसो २ बजेसम्म अनलाईन प्रणाली खुला रहनेछ ।

## ३. सभाको दिन

औपचारिक वैज्ञानिक सम्मेलन पश्चात मूल आयोजक समितिले पुरानो कार्य समिति भंग गरि नयाँ कार्यसमितिको गठन गर्न निर्वाचन समितिलाई सभा हस्तान्तरण गर्ने छ । समितिको एक सदस्यले कार्यक्रम संचालन र संयोजकले समग्र निर्वाचन प्रक्रियाको संयोजन गर्नेछ ।


### ४.२. मत गणना तथा नतिजा प्रकाशन

चैत्र २१ दिउसो ३:३० मा मतगणना सम्पन्न गरी नतिजा प्रकाशन गरिनेछ ।

### ४.३. पद तथा गोपनियताको सपथ ग्रहण

नतिजा प्रकाशन पश्चात सास-नेपालले तोकेको फर्म्याटमा निर्वाचन समितिले नव-निर्वाचित कार्यसमितिका अध्यक्षलाई पद तथा गोपनियताको सपथ ग्रहण गराउनेछ । त्यसपछि, नव-निर्वाचित अध्यक्षले अन्य निर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई निर्वाचन समितिको रोहवरमा पद तथा गोपनियताको सपथ ग्रहण गराउनेछ । त्यसपछि, निर्वाचन समितिले नव-निर्वाचित कार्यसमितिलाई सभा हस्तान्तरण गर्नेछ ।

## अनुसूची १: निर्वाचन प्रक्रियाको समयतालिका



# अनुसूची २: निर्वाचन समिति गठन सम्बन्धि सास-नेपालको पत्र

सोसाइटी अफ एग्रीकल्चरल साइन्टिस्टस नेपाल
SOCIETY OF AGRICULTURAL SCIENTISTS NEPAL
(SAS-Nepal)

[illegible], ललितपुर
नेपाल ।

पत्र संख्या: २०८०/८१
चलानी नं: ३३

मिति: २०८०/११/२४

विषय: निर्वाचन कमिटीको अध्यक्षको जिम्मेवारी सम्बन्धमा ।

श्रीमान् डा. आनन्द कुमार गौतम ज्यू,
आजीवन सदस्य, सास-नेपाल

प्रस्तुत विषयमा यस सास-नेपालको छैटौं वैज्ञानिक सम्मेलन तथा आठौं साधारण सभा यहि मिति २०८०/१२/२१ बुधबारका दिन काठमाडौंमा हुन गईरहेको व्यहोरा यहाँमा सगौरव अनुरोध गर्दछु । यसै परिप्रेक्षमा सास नेपालको मिति २०८०/११/१६ को बैठकबाट सो साधारण सभाको सम्पन्न गर्नको लागि लागि सास-नेपालको विधान-२०५२ (दोस्रो संशोधन) को दफा ४.४.२.६ प्रदत्त व्यवस्था अनुरुप यहाँको अध्यक्षतामा तपशिल बमोजिमको तीन सदस्यीय निर्वाचन समिति गठन गरिएको व्यहोरा अनुरोध गर्दछु । सो कार्य सम्पादन गर्ने क्रममा सास-नेपालको कार्यकारी समिति, आयोजक कमिटी र उप कमिटीहरु संग आवश्यकता अनुसार समन्वय गर्न सक्नुहुने व्यहोरा अनुरोध गर्दछु ।

सास-नेपालको विधान भित्र रहेर स्वतन्त्र रुपमा निर्वाचनका कार्यक्रमहरु तयार गरी सो साधारण सभामा निर्वाचनको कार्य सम्पन्न गरी सहयोग गरिदिनुहुनेछ भन्ने विश्वास लिएको छु । यहाँले सोसाइटीलाई पुर्याउदै आउनुभएको सहयोग प्रति सास-नेपाल सदैव आभारी छ ।

तपशील

निर्वाचन समिति

१. आनन्द कुमार गौतम: संयोजक
२. बिबेक सापकोटा: सदस्य
३. प्रदिप कार्की: सदस्य सचिव

डा. राम प्रसाद घिमिरे
अध्यक्ष